**गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, गाउँपालिका सल्लाहकारज्यू, पत्रकार एवं उपस्थित महानुभावहरु**

आज यस अर्जुनचौपारी गाउँपालिकाको गरिमामय एघारौं गाउँसभाको ऐतिहासिक घडीमा उपस्थित जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरुमा प्रथमतः स्वागत गर्न चाहन्छु। पटक–पटक राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र र स्वतन्त्रताका लागि बलिदान दिने एवं प्राण आहुति गर्नुहुने ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै ऐतिहासिक जन आन्दोलन र जनयुद्धका घाईते, अपाङ्ग, सम्पूर्ण दिवंगत योद्धाका टुहुरा, वेपत्ता एवं तिनका परिवारजनहरुमा स्मरणका साथ हार्दिक नमन गर्न चाहन्छु।

**गाउँसभा सदस्यज्यूहरु,**

नेपालको संविधानले सिर्जना गरेको तीन तहको सरकार मध्ये प्रत्यक्ष जनतासँग सम्पर्क, सम्वन्ध तथा समन्वय हुने स्थानीय सरकार रहेको हुनाले हामी स्थानीय सरकारका जनप्रतिनिधिहरुमा जनताका गुनासा, जनसरोकारका विषय, असीमित इच्छा र आकांक्षाहरुका विषयमा सम्वाद हुनु अस्वाभाविक होइन। स्थानीय तहको निर्वाचनमा मुख्य प्रतिवद्धता गरे अनुसारको सुशासन, समुन्नत र सुसंस्कृत गाउँपालिका, झन्झटरहित भ्रष्ट्रचारमुक्त गाउँपालिका र वडा प्रशासन बनाउन सबै जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सरोकारवाला सबै पक्ष एवं सम्पूर्ण अर्जुनचौपारीबासीले हाम्रो प्रतिवद्धता अनुरुपको गाउँपालिका निर्माण गर्न सहयोग गर्नुहुनेछ भन्ने आशा राखेको छु। अर्जुनचौपारी गाउँपालिकाका पूर्वाधारहरु निर्माणाधीन अवस्थामा रहेका छन् यसमा निवर्तमान जनप्रतिनिधिहरुले गरेका कार्य एवं पहलको सरहाना गर्दै हार्दिक कृतज्ञता प्रकट गर्दछु।

गाउँपालिकामा संचालन भएका विकास निर्माणका कार्यहरु निर्माण सम्पन्न हुन बाँकी नै रहेको हुँदा उक्त निर्माणका कार्यहरु सम्पन्न गर्दै अर्जुनचौपारीको गर्विलो भविष्य निर्माणमा हामी प्रतिवद्ध छौँ। यस निम्ति सम्पूर्ण जनप्रतिनिधि, कर्मचारीहरुले आ-आफ्नो क्षेत्रबाट पहल गर्नुहुनेछ भन्ने विश्वास लिएको छु। विकास निर्माण कार्यहरु गर्दा परिमाणमा मात्रै ध्यान दिईएको तर गुणस्तरमा सम्झौता भएको विगतमा धैरै उदाहरणहरु छन् त्यसैले अब उप्रान्त गुणस्तरमा कुनै सम्झौता गरिने छैन।

**गाउँसभा सदस्यज्यूहरु,**

अर्जुनचौपारी सदरमुकाम पुतलीबजार नगरपालिकाको सदरमुकाम (जिल्ला सदरमुकाम) बाट सबैभन्दा नजिकको पालिका सदरमुकाम भएतापनि हालसम्म १ मिटर पनि कालोपत्रे नभएको हाम्रो पालिका स्याङ्जा जिल्लाको कर्णालीको रुपमा रहेको छ। अर्जुनचौपारी नुवारभञ्ज्याङ स्याङ्जा जोड्ने सडक अर्जुनचौपारी, आँधीखोला र पुतलीबजारका गरी करिब ४० हजार जनताले उपयोग गर्ने भएतापनि यो सडकको अवस्था अत्यन्तै नाजुक छ। उक्त सडकले हामी अर्जुनचौपारी गाउँपालिकाबासीलाई जिल्ला सदरमुकाम र प्रदेश राजधानी पुग्नलाई धैरै सजिलो, समयको साथ साथै लागतको बचत हुने हुँदा उक्त सडकलाई रणनैतिक महत्वको रुपमा राखेको छु।

प्रदेश सरकारले पालिका सदरमुकामसम्म पक्कीसडक निर्माण गर्ने गौरवको योजना अन्तरगत हेलु–अर्जुनचौपारी सडक कालोपत्रे गर्न ढिलाई भएको स्मरण गराउन चाहन्छु। उक्त सडक कालोपत्रे गर्नको लागि सम्वन्धित निकायसँग सहकार्य गरी कालोपत्रे कार्य शीघ्र सम्पन्न गरिनेछ। त्यसैगरी पालिकाको सदरमुकामबाट सबै वडा र बस्तीहरुमा सडक सञ्जालको पहुँच पुर्‍याउने लक्ष्य अनुरुप सडकलाई महत्व दिइएको छ। यस बर्ष बर्षायाममा अत्यधिक पानी पर्ने मौसमविदहरुको अनुमान र प्राविधिक जनशक्तिको सल्लाहबिना अन्धाधुन्द खनिएका सडकहरु र तिनबाट सृजना हुने प्राकृतिक विपत्तिले यस बर्षलाई थप चुनौतिपूर्ण बनाएको छ।

पालिकाको प्रशासकीय भवन निर्माणाधीन अवस्थामा रहेकोमा उक्त भवन छिटै सम्पन्न गरी आफ्नै भवनबाट सेवा प्रवाह गरिनेछ। यस पालिकाको महत्वपूर्ण गौरबको योजनाको रुपमा अघिल्लो सरकारले औद्योगिकग्रामलाई राखेको परिप्रेक्षमा सो औद्योगिकग्राममा आगामी आर्थिक बर्षदेखि पालिकास्तरीय उद्योग व्यवसाय संचालन गर्ने लक्ष्य लिइएको छ। अर्जुनचौपारी बजारको फोहरमैला व्यवस्थापनका लागि घट्टेमा फोहरमैला प्रशोधन केन्द्र जीर्ण अवस्थामा रहेको र फोहरमैलाको उचित व्यवस्थापनको काम अगाडि बढ्न सकेको छैन। उक्त भवनमा अव्यव्यस्थित तरिकाले फोहरमैला यत्रतत्र फालिएको छ। त्यसैले समुदायसँगको सहकार्यमा श्रोतमा नै फोहरको बर्गीकरण गर्ने र फोहरमैलाको उचित व्यवस्थापन गरिनेछ।

आगामी आर्थिक बर्ष हाम्रो लागि चुनौतिपूर्ण रहेको हुनाले हामी जनप्रतिनिधिहरु र कर्मचारीहरु संवेदनशील भई कम श्रोत र साधनबाट जनताका धैरै ईच्छा आकांक्षा पूरा

गर्नुपर्नेछ। यद्यपि पालिकाको सर्वाङ्गीण विकास गर्न कम चुनौतिपूर्ण छैन, हामी जनप्रतिनिधिहरु अनुशासित र दत्तचित्त भई दिगो आर्थिक विकास र सम्वृद्धिका लागि उत्पादनमा जोड दिई आत्मनिर्भर हुनु अबको आवश्यकता रहेको छ।

**गाउँसभा सदस्यज्यूहरु,**

अव म यो सरकारले अर्जुनचौपारी गाउँपालिकाको गर्विलो भविष्य निर्माणका लागि तय गरेका विषय क्षेत्रगत तथा दीगो विकास लक्ष्य, नेपालको संविधानको परिकल्पना, नेपालको अन्तर्राष्ट्रिय जगतमा गरेको प्रतिबद्धता, पन्ध्रौँ पञ्चबर्षीय योजना, प्रदेश योजना एवं पालिकाको एकीकृत विकास लक्ष्यलाई प्राप्त गर्न आगामी बर्षको नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु।

**पूर्वाधार विकासः**

पूर्वाधारको अभावमा जनताको दैनिक जीवनयापन कष्टकर हुने, आकस्मिक कार्य संचालनमा कठिनाइ हुने, सीप, क्षमता र मेहनतको प्रतिफल प्राप्त गर्न नसकिने हुनाले विकासका पूर्वाधारहरु अपरिहार्य  छन् तसर्थ यस सरकारको ५ बर्षे कार्यकालमा स्थानीय पूर्वाधार निर्माणलाई विशेष महत्व दिएको छु। यसका लागि गाउँपालिकाको संस्थागत क्षमता विकास गर्दै गाउँबासीको लागि न्यूनतम शहरी पूर्वाधार निर्माणमा जोड दिइनेछ, ठूला पूर्वाधारहरुको विकासमा पहल गरिनेछ, महत्वपूर्ण आयोजनाहरुको डिपिआर तयार गरिनेछ। पालिका गौरवको आयोजना संचालन गरी रुपान्तरणकारी तथा रणनीतिक महत्वका ठूला योजनाहरुलाई कार्यान्वयन गर्न संघ तथा प्रदेशसँग आवश्यक समन्वय गरिनेछ ।सबै पूर्वाधारहरुको बस्तुगत मूल्याङ्कन गरी गुणस्तर र परिमाणमा सम्झौता गरिनेछैन। पालिकाले निर्माण गर्ने सम्पूर्ण पूर्वाधारहरुमा लैङ्गिक समानता, अपाङ्ग एवं बालमैत्री तथा समावेशीताको आधारमा निर्माण गर्ने नीति लिईनेछ।

१.अर्जुनचौपारी सदरमुकाम र स्याङ्जा सदरमुकाम जोडने (कृष्णचन्द्र मार्ग) विशेष प्राथमिकतामा राखिनेछ। नुवारभञ्ज्याङ्लाई बक्स कटिङ गरी दुई लेनको बाटोमा विस्तार गरिनेछ।

२. अर्जुनचौपारी गाउँपालिकाको सदरमुकामदेखि सबै वडालाई छुने गरी नुवारभञ्ज्याङ्-दरौं-आरुचौर-एकानन्दगुफा-आग्रिखर्क-टाउँघडेरी-लामडाँडा-माझपाटा-नव्वे जोड्ने अर्जुनचौपारी चक्रपथलाई सम्भाव्यता अध्ययन गरी अगाडि बढाइनेछ।

३. हेलु-अर्जुनचौपारी सडक आर्थिक बर्ष 2028/029 मै खोलिएतापनि हालसम्म पनि कालोपत्रे नगरिएको हुँदा कालोपत्रे गर्न र त्यसको संरक्षणलाई विशेष प्राथमिकता दिईनेछ।

४. गाउँपालिका केन्द्रदेखि वडा कार्यालयहरुसम्म पुग्ने सडकहरु ५ बर्ष भित्र कालोपत्रे गरिनेछ। वडा भित्रका अन्य शाखा सडकहरुलाई स्तरोन्नति गरी बाह्रै महिना यातायात सुचारु हुने व्यवस्था गरिनेछ।

५. प्रशासकीय भवन, औद्योगिकग्राम, पालिकास्तरीय खेलमैदान आदि जस्ता निर्माणाधीन आयोजनालाई निरन्तरता दिइनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

**समावेशीकरणः**

महिला, बालबालिका, दलित, आदिबासी जनजाति, लोपोन्मुख तथा सीमान्तकृत वर्गको क्षमता अभिवृद्धि र सशक्तीकरणका कार्यक्रमहरु लागू गरिनेछ। परम्परागत पेशाहरुको बैज्ञानिकीकरण गर्दै आय आर्जनतर्फ उन्मुख गर्ने कार्यक्रम लागू गरिने छ। छुवाछुत तथा जातीय भेदभावलाई निरुत्साहित गरिनेछ। पालिकाद्धारा सञ्चालित कार्यक्रममा समानुपातिक समावेशीकरणलाई सुनिश्चित गरिनेछ। सकारात्मक विभेदको नीति अवलम्वन गरिनेछ।

१.अर्जुनचौपारी गाउँपालिका भित्रका अति विपन्न परिवारका लागि **निःशुल्क स्वास्थ्य बिमा** गरिनेछ।

२. महिलाहरुको नेतृत्व र निर्णायक भूमिका स्थापित गर्न सामुदायिक विकासका कार्यहरुमा समान सहभागिताको लागि उपयुक्त वातावरण प्रदान गरिनेछ। यसका लागि सबै जातजातिको प्रतिनिधित्व हुने गरी **सबै टोलमाआमा समूहको** गठन र परिचालन गरिनेछ।

३. दलित समुदायको सवलीकरणको लागि **दलित उत्थान केन्द्र** स्थापना गरी सशक्तीकरणका कार्यक्रमहरु अगाडि बढाईनेछ।

**आर्थिक विकास:**

युवा, दलित, महिला, श्रमिक, साना किसान, असहाय तथा अपांगता भएका व्यक्ति, गरिब तथा विपन्न, सीमान्तकृत अल्पसंख्यक र पिछडिएको वर्ग तथा क्षेत्रको उद्यमशीलता विकासका लागि व्यावसायिक, सीपमूलक र रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

सीपमूलक रोजगार प्रवर्द्धन कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ। वित्तीय साक्षरता (बचत, विमा, खर्च र आम्दानी, लगानी व्यवस्थापन) लाई विशेष महत्वका साथ अभियानको रुपमा अगाडि बढाईनेछ।

१. गाउँपालिकाबासीलाई रोजगारमा सहजीकरण गर्ने र रोजगारमूलक सीपहरु प्रवर्द्धनको लागि **रोजगार समन्वय ईकाइ** स्थापना गरिनेछ।

२. अति विपन्न परिवारको आर्थिक सुधारको लागि **बीउ पूँजी**को रुपमा प्रत्येक व्यक्तिहरुलाई रु २,३००/- का दरले प्रदान गरिनेछ। यसरी प्रदान गरिएको रकम लगानी र व्यवस्थापनको लागि **लगानी परामर्श केन्द्र** स्थापना गरिनेछ।

३. श्रम बजारमा प्रवेश गर्ने युवा, बैदेशिक रोजगारीबाट फर्किएका तथा स्वदेशमा रोजगार गुमाएका र स्थानीय तहको रोजगार समन्वय ईकाइमा सूचीकृत भएका बेरोजगारहरुलाई क्षमता अभिबृद्धि गर्न हस्तकाला, प्लम्बिङ, बिजुली मर्मत ,सिकर्मी, डकर्मी, ड्राइभिङ जस्ता सीप बिकास तालिम प्रदान गरिनेछ।

**सामाजिक क्षेत्रः**

युवा क्लब, बाल क्लब, ज्येष्ठ नागरिक क्लब, टोल सुधार समिति तथा आमा समूहहरुलाई संगठित गरी तिनीहरुको क्षमता अभिवृद्धि गर्ने, परिचालन गर्ने तथा समूह मार्फत महिला सशक्तीकरण र सामाजिक उद्यमशीलता विकास गरिनेछ। यस्ता संस्थाहरुलाई अभियानका कार्यक्रमहरुमा परिचालन गरिनेछ। यस्ता समूहहरुमार्फत सरसफाई, विकृति विसंगतिको नियन्त्रण, लैङ्गिक विभेद तथा घरेलु हिंसा न्यूनीकरण जस्ता कार्यहरु गर्नलाई प्रोत्साहन गर्ने नीति लिईने छ। ज्येष्ठ नागरिकको सम्मानको संस्कार विकास गरिनेछ, तथा विश्राम केन्द्रलाई  निर्माण तथा विस्तार गरिनेछ र नैतिक शिक्षालाई विद्यालय तहमा महत्वका साथ अगाडि बढाईनेछ। नेपाल सरकारले प्रतिवद्धता जनाएका दिगो विकासका लक्ष्यहरु (SDGs) लाई स्थानीयकरण गर्दै लगिने नीति लिईने छ।

**शिक्षाः**

१.स्थानीय सरकारको कार्य जिम्मेवारीमा रहेको माध्यमिक तहको शिक्षालाई गुणस्तरीय जीवनोपयोगी र प्रविधिमैत्री बनाइनेछ। शैक्षिक गुणस्तरलाई सुधार्न प्रविधिको उपयोग, भौतिक पूर्वाधार विकास तथा मर्मत सुधारमा जोड दिइनेछ। माध्यामिक तह र त्यस माथिका विद्यार्थीलाई नियमित Career Counseling कक्षा संचालनमा ल्याईनेछ।

२. शिक्षा ऐन र नियमावलीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै स्थानीय पाठयक्रम कार्यान्वयनमा ल्याईनेछ। सामुदायिक विद्यालयको गुणस्तर सुधारमा विशेष ध्यान दिइनेछ।

३. विद्यार्थीको खस्किदो शैक्षिक अवस्थाप्रति अविभावक, शिक्षक र स्वंय विद्यार्थी सबैलाई दायित्ववोध गराई शिक्षाको गुणस्तर वृद्धि गर्नका लागि **अभिभावक र शिक्षक समन्वय यूनिट** गठन गरिनेछ।

४. माध्यामिक तहमा वित्तीय साक्षरता शिक्षा संचालन गरिनेछ।

**स्वास्थ्यः**

१. अर्जुनचौपारी गाउँपालिकामा १५ वेडको आधारभूत अस्पताल निर्माण गर्नेको लागि आवश्यक प्रकृया अगाडि बढाउनुका साथै भीरकोट नगर अस्पतालसँग समन्वय एवं सहकार्य गरी प्रभावकारी स्वास्थ्य सेवा प्रदान गरिनेछ।

२.æ**अशक्तलाईघरमा-अन्यलाई टोलमाÆ** स्वास्थ्य सेवा साथै आवश्यक औषाधीहरु वितरण गरी सामुदायिक स्वास्थ्य सेवा घरघरमा पुर्याइने छ। गर्भवती महिला, शिशु, बालबालिका, अस्वस्थ व्यक्ति, आदिको हेरचाह र उपचारमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**बालवालिका युवा तथा खेलकुदः**

१. कुलतमा परेका युवाहरुका लागि बिशेष कार्यक्रम संचालन गरी युवाहरुलाई सीपमूलक तालिम सञ्चालन गरी सीप अनुसारको रोजगारीको व्यवस्था गर्न पहल गरिनेछ।

२. अति विपन्न परिवारका बालबालिकाहरु, वावाआमा गुमाएका टुहुरा वालवालिकाहरुलाई संरक्षरण गर्दै उनीहरुलाई विद्यालयसम्म ल्याउने, टिकाउने, पढाउने र सिकाउने नीति सँगै उनीहरुको पालन पोषणको उचित प्रवन्ध मिलाउन आवश्यक पहल गरिनेछ।

३. सामाजिक मनोपरामर्शका लागि विभिन्न गैर सरकारी संस्थासँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

**खानेपानी तथा सरसफाइः**

सार्वजनिक स्थानहरु जस्तै सडक किनार, नदी किनार, शिक्षण संस्थाहरु, व्यापारिक क्षेत्रहरु तथा निजी घर परिसरहरुमा खुल्ला रुपमा फोहर फाल्ने कार्यले सामाजिक क्षेत्रमा नकारात्मक परिणामहरु ल्याउनुका साथै मानव स्वास्थ्यमा समेत गम्भीर असर पार्ने खतरा बढ्दै गएको हुँदा फोहरमैलालाई स्रोतमै न्यूनीकरण, वर्गीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी व्यवस्थित गरिनेछ। खानेपानीका मूलहरुको संरक्षण गर्ने र स्वच्छ खानेपानी वितरण गर्ने नीति अवलम्बन गरिनेछ।

१. भरणपोखरीहरु निर्माण र वृक्षारोपण कार्यलाई अगाडि बढाउनुका साथै लामो समय देखि सम्पन्न नभएका योजनाहरुलाई सम्पन्न गर्न पहल गरिनेछ। पुराना आयोजनाहरु मर्मत संभार गरिने छ।

२. अर्जुनचौपारी गाउँपालिका भित्रको फोहरमैला व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउन ल्याण्डफिल साइट निर्माणलाई पूर्णता दिईनेछ साथै पालिकाले फोहरमैला संकलन गर्ने कर्मचारीको समेत व्यवस्था गरिनेछ।

३. पानीका श्रोत नभएका ठाउँमा लिफ्टीङ्ग प्रविधिको प्रयोग गरी खानेपानी उपलव्ध गराइनेछ। टुक्रे खानेपानी योजनाहरुलाई एकीकृत गरी मूल दर्ता तथा In tank सुधार कार्यक्रम अगाडि बढाईनेछ ।

**कृषिः**

निर्वाहमुखी तथा छरिएर रहेको कृषि उत्पादन प्रणालीलाई आधुनिक, सघन, प्रतिस्पर्धी एवं व्यवसायमुखी बनाउने नीति लिईनेछ। कृषकले उत्पादन गर्नुभएका तरकारी, फलफूल, अन्नबाली, दूध, माछा, मासु लगायतका उत्पादनको बजारीकरण गर्ने, मूल्य अभिवृद्धि गर्ने र संभावित क्षतिलाई परिपूर्ति गर्न पालिकाले न्यूनतम समर्थन मूल्य निर्धारण गरी सहयोग गर्ने नीति लिईएको छ।

१. **æएक घर-एक फूल-दुई फलफूलÆ** कार्यक्रमलाई अगाडि बढाइनेछ र पालिकामा हाईटेक नर्सरीको स्थापना गरिनेछ।

२. कृषि कार्डको व्यवस्था गरी कृषकहरुको बर्गीकरण गरिनेछ। परम्परागत खेती गर्ने किसानलाई भन्दा नगदेबाली उत्पादन गर्ने किसान र व्यावसायिक कृषि पेशा गर्नेहरुलाई विशेष सहुलियत प्रदान गरिनेछ।

३. अर्गानिक गाउँको संभाव्यता अध्ययन गरी आवश्यक कार्यक्रम अगाडि बढाईनेछ।

४. दरौंखोला, केवरेखोला र दिर्जेखोलामा माछा पकेट क्षेत्रको विकास गरिनेछ।

**वन वातावरण तथा विपद् व्यवस्थापन :**

स्थानीय स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्वसूचना प्रणाली, खोज तथा उद्धार,राहत सामग्रीको पूर्वभण्डारण, स्थानीय तटवन्ध, नदी र पहिरोको नियन्त्रण, विपद जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण गर्ने एवं विपद् व्यवस्थापनका लागि वडा-वडामा विपद् व्यवस्थापन समितिलाई परिचालन गर्ने नीति लिईने छ।

१. भूकम्प प्रतिरोधी आवास निर्माणका लागि न्यूनतम मापदण्ड पालना गर्ने र नक्सा पास अनिवार्य गरिनेछ।

२.पूर्वाधार विकासका कार्यक्रमहरु संचालन गर्दा विपद् जोखिम सम्वेदनशीलतालाई केन्द्र विन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा लागत अनुमान गर्ने व्यवस्था मिलाइनेछ।

३. प्राकृतिक श्रोतहरुको संरक्षण तथा दिगो उपयोगलाई प्राथमिकता दिइनेछ। वन्यजन्तु/जलचर संरक्षण सम्वन्धी कानूनलाई पूर्ण रुपमा पालना गराउने र कानुनले वर्जित गरेका गतिविधिलाई निरुत्साहित गरिनेछ।

४. अर्जुनचौपारी गाउँपालिका स्थित दरौंखोला नियन्त्रणको लागि तटबन्ध निर्माण गरिनेछ।

**सुशासन, सेवाप्रवाह तथा संस्थागत विकास सम्वन्धी :**

भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिईनेछ। सेवा प्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यहरुलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटैती गर्ने नीति अवलम्वन गरिनेछ। जनप्रतिनिधि र कर्मचारीको अन्तर सम्वन्ध सुदृढ गर्ने, कार्यक्षमता बृद्धि गर्ने, जवाफदेही बनाउने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

१. सार्वजनिक खर्चमा वित्तीय जवाफदेहिता सुनिश्चित गर्दै आन्तरिक खर्चलाई चुस्त बनाइनेछ। पालिकाबाट हुने भुक्तानी विद्युतीय कोष हस्तान्तरण (EFT) मार्फत हुने व्यवस्था मिलाइनेछ, त्यसैगरी गाउँपालिका अध्यक्षले वडाध्यक्षसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसँग मापनयोग्य सूचकहरुसहित कार्यसम्पादन सम्झौता गरी सन्वन्धित पदाधिकारीहरुलाई नतिजा प्रति थप जवाफदेही बनाईनेछ।

२. कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई एकद्वार प्रणाली मार्फत सम्पूर्ण कामकाज कर्मचारीद्धारा गराई शाखा-शाखा घुम्ने झन्झटबाट मुक्त गराईनेछ।

३. सहायता कक्ष (Help Desk) स्थापना गरी सेवा प्रवाह थप प्रभावकारी बनाइनेछ।

४. सार्वजनिक खरिदलाई अनुमानयोग्य, पारदर्शी र वैज्ञानिक बनाईनेछ।

५. जनतालाई छिटो छरितो र प्रविधिको प्रयोगबाट भौगोलिक रूपले टाढा रहेका अर्जुनचौपारीबासीलाई सेवा प्रदान गर्न यो बर्ष परीक्षणको रूपमा वडा नं १ मा सेवाहरुलाई डिजिटलाईजेसन गर्ने कार्यलाई अगाडि बढाइनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

**सार्वजनिक निर्माणः**

गाउँपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरीत निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्थासहित कानूनी दायरामा ल्याई त्यस्ता कार्य गर्न निरुत्साहित गरिनेछ।

१. अर्जुनचौपारी बजार क्षेत्रभित्र सि.सि.टिभी, क्यामेरा, सडक बत्ती जडान गरी सुरक्षा व्यवस्थालाई चुस्त बनाइनेछ।

२. अर्जुनचौपारी गाउँपालिकाको गाउँसभा हलको शौचालयलाई सार्वजनिक शौचालयको रुपमा प्रयोग गरिनेछ र बजार क्षेत्रमा थप सार्वजनिक शौचालयको निर्माण गरिनेछ।

**सामाजिक उत्तरदायित्वः**

१. निर्वाचित सबै प्रतिनिधिहरुले सेवा सुविधा बापत पाउने रकमको **न्यूनतम १० प्रतिशत रकम सामाजिक उत्तरदायित्व कोषमा जम्मा गरिनेछ** र त्यो रकमलाई लोककल्याणकारी कार्यहरुमा लगाईनेछ। यो कोषमा अन्य व्यक्ति तथा संघ संस्थाहरुलाई पनि योगदानका लागि अपिल गरिनेछ।

**उर्जाः**

१. अर्जुनचौपारी गाउँपालिकामा नियमित विद्युत आपूर्ति नहुने समस्या प्रमुख समस्या रहेको हुँदा अर्जुनचौपारी गाउँपालिकाको लागि छुट्टै फिडरको व्यवस्था गर्ने, लाईनको आसपासका रुख कटानलाई प्रभावकारी कार्यान्वयन गर्ने तथा गाउँपालिका भित्रका काठका पोललाई विस्थापित गरी स्टिलको राख्न पहल गरिनेछ र गाउँगाउँमा अव्यवस्थित रुपमा फालिएका स्टिल पोलहरुलाई उद्धेश्य अनुसार व्यवस्थापन गरिनेछ।

२. गाउँपालिकामा थ्रिफेज लाईनको विद्युत बिस्तार नभएका बस्तीहरुमा थ्रिफेज लाईन विस्तारको लागि आवश्यक पहल गरिनेछ।

**उद्योगः**

उद्योग वाणिज्य तथा व्यवसायसँग सरोकार हुने पक्षहरुको क्षमता अभिवृद्धि तथा सशक्तीकरण गरी साना तथा मझौला उद्योगहरुको विकास तथा विस्तार गरिनेछ।

१. प्रदेश सरकार तथा संघीय सरकारसँग साझेदारी गरी निर्माणाधीन औधोगिकग्राम सञ्चालन तथा व्यवस्थापन कार्यलाई तीव्रता दिईनेछ।

२. गाउँपालिका भित्र संचालनमा रहेका सम्पूर्ण उद्योगलाई करको दायरामा ल्याईनेछ। उद्योगहरुलाई औद्योगिकग्राममा स्थानान्तरण गर्नका लागि प्रोत्साहन गरिनेछ।

**पर्यटनः**

१. जलबराह, पञ्चकन्या मन्दिर-केटिचौरलाई पालिकाको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ। यसको लागि आवश्यक गुरुयोजना निर्माण र पर्यटन पूर्वाधारहरुको विकासका साथै नवग्रह मन्दिरको निर्माण कार्यलाई अगाडि बढाईनेछ।

२. डहरे, थाप्ले, एकानन्द गुफा, शिला, रापाकोटकालिका, तामुलेक, रामसिता तालमा ग्रामिण पर्यटन पूर्वाधार निर्माण कार्यलाई अगाडि बढाइनेछ र यी स्थानहरुलाई पदमार्गले जोड्ने महत्वकांक्षी योजनालाई अगाडि बढाईनेछ।
३. लामडाँडाँ होमस्टेलाई नियमितरुपमा सुचारु गर्न प्रचार प्रसार तथा थप श्रोतसाधनको व्यवस्था गरिनेछ।

**राजश्व प्रशासनः**

१. गाउँपालिकाले हाल लिदै आएको कर, राजस्व, शुल्क आदिलाई थप व्यवस्थित र नियमन गरिनेछ। राजश्वको दायरालाई फराकिलो बनाईनेछ। एकल कर प्रशासनको माध्यमबाट व्यवसाय कर, सम्पति कर र बहाल विटौरी करलाई करको दायरामा ल्याईनेछ।

**न्यायिक समितिः**

१. महिलामाथि हुने सबै किसिमका हिंसा विरुद्ध शून्य सहनशीलताको नीति प्रभावकारी बनाइनेछ। हिंसा पीडित महिलाहरुको पुनःस्थापना, उद्धार र निःशुल्क कानूनी उपचारको व्यवस्था गरिनेछ।
२. लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत तथा जातीय भेदभाव, बोक्सीको आरोप जस्ता कुरीति, कुप्रथा अन्त्यगर्न चेतना अभिवृद्धिको लागि सामाजिक अभियान सञ्चालन गरिनेछ।
३. हिंसा पीडित तथा प्रभावित महिलाको लागि एकीकृत सेवा सहितको दीर्घकालीन तथा अल्पकालीन पुनस्थापना केन्द्र सञ्चालन गरिनेछ।

**अन्त्यमा,**

सुशासन, समुन्नत र सुसंस्कृत अर्जुनचौपारीको गर्विलो भविष्य निर्माण गर्ने प्रत्येक कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन। सबैलाई समान अवसर, समान अधिकार,उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ। उपयुक्त नीति, सक्षम नेतृत्व, दृढ आत्मविस्वास र समर्पणका साथ अगाडि बढ्दा विकासको अभियानलाई तीब्रता दिन सकिन्छ भन्ने सकारात्मक सन्देश सम्प्रेषण गर्न चाहन्छु।

प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ। यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दलहरु, संघ संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत राष्ट्रसेवक कर्मचारीहरु,

जनप्रतिनिधिहरु एवं नागरिक समाजप्रति पुनः धन्यवाद प्रकट गर्दै गरिमामय ११ औं गाउँसभाबाट रचनात्मक सुझाबको अपेक्षा सहित बिदा हुन्छु।

धन्यवाद

जय अर्जुनचौपारी गाउँपालिका

**प्रकाश तिवारी**

गाउँपालिका अध्यक्ष